१. **नेपालमा बनेको विद्युतीय मोटरसाइकल कहिलेदेखि दर्ता गर्न थालिएको हो ?**

✍ विसं २०८० जेठ १

- यातायात व्यवस्था कार्यालयले यात्री पी–१ मोटरसाइकल दर्ता गरेको ।
- यात्री मोटरसाइकलका अनुसार यातायात व्यवस्था कार्यालय, गुर्जुधारामा पी–१ को 'बागमती प्रदेश ०२ बा ४३ प ८६५०' नम्बरको बाइक पूर्ण रूपमा नेपालमा उत्पादित पहिलो सवारीका रूपमा दर्ता भएको ।
- विद्युतीय मोटरसाइकल बागमती प्रदेशका विभिन्न जिल्लामा रहेका प्रदेश सरकार मातहतको चार वटा (हेटौँडा, भरतपुर, खुर्कोट एवं गुर्जुधारा) यातायात कार्यालयमा दर्ता गर्न सकिने ।

Govinda Giri

२. **सरकारले २०६२/६३ को जनआन्दोलनका घाइते मुकेश कायस्थलाई राष्ट्रिय सहिद घोषणा कहिले गरेको हो ?**

✍ विसं २०८० जेठ २

- मन्त्रीपरिषद्को जेठ २ को बैठकले कायस्थलाई सहिद घोषणा गर्ने निर्णय गरेको ।
- जनआन्दोलन २०६२/६३ मा प्रहरीको गोली लागेर घाइते भई १७ वर्ष एक महिना अचेत अवस्थामा रहेका कायस्थको २०८० वैशाख २८ गते निधन भएको हो ।
- कायस्थलाई 'लोकतन्त्र योद्धा सम्मान' प्रदान गरिएको ।

३. **विश्व चर्चित 'युएन ह्युमन राइट्स प्राइज, २०२३' बाट सम्मानित हुने नेपाली संस्था कुन हो ?**

✍ मानव सेवा आश्रम (केन्द्रीय कार्यालय : हेटौँडा)

४. **नेपाललाई कहिलेसम्म सहयोगापेक्षी सडक मानवरहित नेपाल घोषणा गर्ने लक्ष्य लिइएको छ ?**

✍ विसं २०८२

CamScanner

**५. सगरमाथाको सर्वाधिक आरोहण गरी विश्व कीर्तिमान कायम गर्ने आरोही को हुन् ?**




Govinda Giri

✍ **कामिरिता शेर्पा**

- उनले विसं २०८० जेठ ९ (सन् २०२३ मे २३) मा २८ औँ पटक आरोहण गरी आफ्नै रेकर्ड तोडेका।
- उनले विसं २०८० जेठ ३ (सन् २०२३ मे १७) मा २७ औँ पटक आरोहण गरेका।
- सोलुखुम्बुको थामेमा सन् १९७० मा जन्मिएका कामिरिताले पहिलो पटक सन् १९९४ मे १३ मा सगरमाथा आरोहण गरेका।
- विसं २०८० जेठ ८ मा अर्का आरोही ४६ वर्षीय पासाङ दावा शेर्पाले २७ औँ पटक सगरमाथाको आरोहण गर्न सफल भएका।

CamScanner

६. **श्रीलङ्काका पूर्वप्रधानमन्त्री महिन्दा राजपाक्षेमाथि लगाइएको विदेश यात्राको प्रतिबन्ध कहिले खारेज गरिएको हो ?**

✍ सन् २०२३ मे १७

- (गत वर्षको मे ९ मा कोलम्बोमा सरकारविरुद्ध भएको शान्तिपूर्ण विरोध प्रदर्शनमा घातक हमला गराएको अभियोगको अनुसन्धानलाई दृष्टिगत गरी राजपाक्षेसहित अन्य व्यक्तिमाथि विदेश यात्राको प्रतिबन्ध लगाइएको थियो ।)

७. **विसं २०८० जेठमा सम्पन्न मिस्टर एन्ड मिस नेसनल नेपाल २०२३ को उपाधि जित्ने प्रतिभा को हुन् ?**

✍ शिशिर वाग्ले र समा पराजुली

- उपाधि विजेताले मिस्टर एन्ड मिस सुप्रानेसनलमा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गरेका ।
- प्रतियोगितामा रोशनी चन्द मिस ग्लोब नेपाल २०२३ र प्रज्वल ताम्राकार मिस्टर इन्टरनेसनल नेपाल २०२३ घोषित भएका ।

८. **फिफा विश्वकप २०२६ को लोगो कहिले सार्वजनिक भएको हो ?**

Govinda Giri

✍ सन् २०२३ मे १८

- विश्व फुटबलको सर्वोच्च निकाय (फिफा) का अध्यक्ष जियानी इन्फान्टिनोद्वारा एक समारोहबिच सो लोगो अनावरण गरिएको ।
- लोगो सरल डिजाइनको रहेको ।
- आगामी संस्करणको विश्वकपमा पहिलो पटक ४८ टिमले प्रतिस्पर्धा गर्ने ।
- खेल अमेरिका, क्यानडा र मेक्सिकोमा संयुक्त रूपमा आयोजना हुने ।

CamScanner

९. **राष्ट्रपति रामचन्द्र पौडेलद्वारा आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम सङ्घीय संसद्समक्ष कहिले प्रस्तुत गरिएको हो ?**

✍ विसं २०८० जेठ ५

- अर्थतन्त्रको संरचनात्मक सुधार, सार्वजनिक खर्चमा मितव्ययिता, पुँजीगत खर्च वृद्धि र गुणस्तरीय पूर्वाधार निर्माण प्रमुख प्राथमिकतासहित सरकारले आव २०८०/८१ को नीति तथा कार्याक्रम ल्याएको।
- १८८ बुँदामा समेटिएको नीति तथा कार्यक्रममा समाजवाद उन्मुख अर्थतन्त्र र समावेशी शासन प्रणाली संस्थागत गर्नु सरकारको प्रमुख कार्यभार रहेको उल्लेख। Govinda Giri
- सरकारले उत्पादन र रोजगारी वृद्धि, हरित अर्थतन्त्रको विकास, पर्यावरणीय सन्तुलन, आर्थिक–सामाजिक विभेदको अन्त्य, गरिबी निवारणलाई पनि प्राथमिकतामा राखेको।
- नीति तथा कार्यक्रममा मानव विकास सूचकाङ्कमा पछि परेका कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश र मधेश प्रदेशलाई विशेष प्राथमिकतामा राखी सोही अनुसार स्रोतसाधन परिचालन गर्ने उल्लेख।

**नीति तथा कार्यक्रमका प्रमुख विशेषता**

- 'युवासँग सरकार, हुने छैनन् बेरोजगार' आभियान अन्तर्गत आगामी दुई वर्षभित्र पाँच लाख आन्तरिक रोजगारी थप गर्ने।
- २०८० को दशकलाई पर्यटन दशक र सन् २०२५ लाई विशेष पर्यटन वर्षका रूपमा मनाउने नीति।
- आव २०८१/८२ देखि कार्यान्वयनमा आउने गरी सामाजिक र आर्थिक रूपान्तरणका लागि समतामूलक

CamScanner

एवं समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने ढाँचामा १६ औँ आवधिक योजना तर्जुमा गरिने।

- राष्ट्रिय राजमार्गमा पर्ने ठुला नदीमा आवश्यकता अनुसार सिग्नेचर ब्रिज निर्माण गर्ने।
- हरिण, मृग, बँदेल, कालिजहरूको व्यावसायिक पालन,
- तिलगङ्गा आँखा अस्पतालबाट उत्पादित लेन्स विश्व बजारमा ब्रान्डिङ,
- 'मेक इन नेपाल' र 'मेड इन नेपाल' अभियानलाई सहयोग,
- २० प्रतिशतसम्म महँगो भए पनि स्वदेशी वस्तु खरिद,
- वर्षायाममा मासिक ५० र हिउँदमा ३० युनिटसम्म विद्युत् खपत गर्नेलाई निःशुल्क,
- प्रत्येक दुई जिल्लामा एयर एम्बुलेन्स सेवा,
- दुई वर्षभित्र सबैको घरमा बिजुली,
- हरेक स्थानीय तहमा स्मार्ट विद्यालय,
- स्वचालित ज्याला प्रणाली लागु गर्ने,
- एक टोल, एक सामूहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन र एक पालिका एक उत्पादन क्षेत्रको नीति,
- हेटौँडा कपडा उद्योग, गोरखकाली रबर उद्योग र बुटवल धागो कारखानालाई सञ्चालनमा ल्याइने,
- दोधारा–चादँनी सुक्खा बन्दरगाह तीन वर्षभित्र,
- चार ठुला नदीमा जल यातायात,
- आविष्कार कोष स्थापना,
- मुटुरोग तथा क्यान्सर निदान गर्न सबै प्रदेशमा 'सुपर स्पेसियालिटी' अस्पताल,
- जग्गाधनी प्रमाण पुर्जा, बैङ्क खाता, स्थायी लेखा नम्बर र सवारीचालक अनुमतिपत्र लिँदा राष्ट्रिय परिचयपत्र अनिवार्य,
- नयाँ हिमाल आरोहणका लागि खुला गर्ने,
- विदेशस्थित कूटनीतिक नियोगबाट पनि व्यक्तिगत घटना दर्ता सुरु गरिने।

Govinda Giri

CamScanner

**१०. भारतीय रिजर्व बैङ्कले चलनचल्तीमा रहेको दुई हजारको नोटलाई बजारबाट हटाउने निर्णय कहिले गरेको हो ?**

**सन् २०२३ मे १९**

Govinda Giri

- भारतीय रिजर्व बैङ्कले 'क्लिन नोट' नीति अन्तर्गत नोट फिर्ता गर्ने निर्णय गरेको जनाएको।
- दुई हजारको नोटलाई बैङ्कमा साट्न वा आफ्नो बैङ्क खातामा जम्मा गराउन भनिएको। त्यसका लागि २३ मेबाट ३० सेप्टेम्बरसम्मको समय दिइएको।
- एक पटकमा अधिकतम २० हजार अर्थात् दुई हजार रुपियाँका १० वटा नोट मात्रै परिवर्तन हुने। नोटहरू एकै दिनमा धेरै पटक परिवर्तन गर्न सकिने।
- आरबिआईले मार्च २०१७ अघि दुई हजार रुपियाँका ८९ प्रतिशत नोट जारी गरेको थियो।
- अब आरबिआईले दुई हजारको नयाँ नोट नछाप्ने वा थप बजारमा ल्याउने छैन। यद्यपि यो कानुनी टेन्डर पैसाका रूपमा जारी रहने। अर्थात् यदि कसैसँग दुई हजार रुपियाँको नोट छ भने त्यसको वैधता कायम रहने।
- ८ नोभेम्बर, २०१६ मा ५०० र एक हजार रुपियाँका नोट बन्द गर्ने घोषणा गरिएको थियो।

CamScanner

११. बुटवलदेखि पाल्पाको वसन्तपुर जोड्ने 'लुम्बिनी केबुलकार' को प्राविधिक परीक्षण सुरु कहिले गरियो ?

✍ विसं २०८० जेठ ५

- बुटवल उपमहानगरपालिका–३, बमघाटमा तल्लो स्टेसन र पाल्पाको वसन्तपुरमा अन्तिम स्टेसन रहेको केबुलकारको लम्बाइ २.६ किलोमिटर रहेको।
- लुम्बिनी केबुलकारको कुल लागत साढे तीन अर्ब रुपियाँ रहेको।
- केबुलकार सञ्चालनसँगै वसन्तपुर डाँडामा पाँचतारे होटल, बालउद्यान, जिपलाइनलगायत संरचना निर्माण हुने।
- वसन्तपुरमा कामाख्या देवी मन्दिर निर्माण।
- लुम्बिनी केबुलकारमा मोनोकेबल डिट्याचेबल सिस्टम' का २५ वटा गोन्डोला रहेका।
- केबुलकारको तल्लो स्टेसन समुद्री सतहबाट २३० मिटर र टप स्टेसन ९४०) मिटरको उचाइमा रहेको।
- केबुलकारको शिलान्यास तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा २०७७ फागुन १ मा भएको थियो।

१२. दुवै खुट्टा गुमाएका हरि बुढामगरले सगरमाथाको सफल आरोहण कहिले गरेका हुन् ?

Govinda Giri

✍ विसं २०८० जेठ ५

- यससँगै पूर्वगोर्खा सैनिक बुढामगर सगरमाथाको चुचुरो चुम्ने पहिलो 'डबल एम्पुटी एभोव नी' (घुँडामाथिबाट दुवै खुट्टा विच्छेदन) व्यक्तिको विश्व रेकर्ड कायम गरेका।
- कृत्रिम खुट्टा (प्रोस्थेटिक) को सहायताले बुढामगरले सगरमाथा आरोहण गरेका।
- सगरमाथामा स्काइ ड्राइभ गर्ने 'डबल एम्पुटी एभोब नी' को रेकर्ड पनि बुढामगरले राख्न सफल भएका।
- रोल्पाको थवाङका बुढामगरले ब्रिटिस सेनामा रहँदा अफगानिस्तानको लडाइँमा आफ्ना दुवै खुट्टा घुँडाभन्दा माथिबाट गुमाएका थिए।

CamScanner

१३. 'द भ्वाइस किड्स नेपाल सिजन २' को उपाधि जित्ने प्रतिभा को हुन् ?

✍ स्पन्दन सुब्बा

- (उपाधिसँगै सुब्बाले नगद १५ लाख रुपियाँसहित अन्य पुरस्कार जितेका ।)

१४. बिमा प्राधिकरणले प्रकाशन गरेको चालु आर्थिक वर्ष २०७९/२०८० को चैत मसान्तसम्मको तथ्याङ्कअनुसार कुल जनसङ्ख्याको कति प्रतिशत नागरिकमा बिमाको पहुँच पुगेको छ ?

✍ ४४.५५ प्रतिशत (म्यादी, लघु र वैदेशिक रोजगार बिमालेखसमेत गरी ।)

१५. ग्लोबल इकोनोमिक प्रोस्पेक्टस, २०२३ अनुसार सन् २०२३ मा विश्व अर्थतन्त्र कति प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ ?

✍ १.७ प्रतिशत Govinda Giri

- सन् २०२४ मा २.७ प्रतिशत पुग्ने अनुमान ।
- विकसित राष्ट्रहरूको आर्थिक वृद्धिदर सन् २३ मा ०.५ प्रतिशत मात्र हुने प्रक्षेपण ।
- सन् २०२३ मा नेपालको आर्थिक वृद्धिदर ५.१ प्रतिशत रहने अनुमान ।

१६. नेपाल र अस्ट्रेलियाबिच जलस्रोत व्यवस्थापनसम्बन्धी सम्झौता कहिले भएको हो ?

✍ विसं २०७९ भदौ २३ (सन् २०२२, अगस्ट २९)

- सम्झौता अनुसार अस्ट्रेलियाका विज्ञहरूले नेपालका पानीको स्रोतको वैज्ञानिक उपयोग र व्यवस्थापनका लागि योजना निर्माणमा सहयोग गर्ने ।
- पाँच वर्षका लागि गरिएको सो सम्झौतामा नेपालको तर्फबाट जलस्रोत सचिव दिनेशकुमार घिमिरे र अस्ट्रेलियाको तर्फबाट विदेश मन्त्रालयकी सचिव जान एडम्सद्वारा हस्ताक्षर गरिएको ।

CamScanner